**Roll No.** | | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admit Card)

*Signature of Invigilator*

**Question Booklet Series** **X**

**PAPER–II** **Question Booklet No.**

**Subject Code : 30**

# NEPALI

*Time : 2 Hours* *Maximum Marks: 200*

***Instructions for the Candidates***

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the Question Booklet will be given to you. In the first 5 (five) minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet Number is identical with OMR Sheet Number; if not, the full set is to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of One Hundred (100) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D) . You have to darken the circle as indicated below on the correct response against each question.
   *Example:* (A) (B) ● (D) , where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Phone Number or put any mark on any part of the OMR Sheet, except in the space allotted for the relevant entries, which may disclose your identity or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator, mobile phone, electronic devices/gadgets etc. is strictly prohibited.**
12. **There is no negative marks for incorrect answer.**

***परीक्षार्थीहरूलाई अनुदेश***

1. यस पृष्ठको सिरानमा दिइएको ठाउँमा र यसैसँग दिइएको ओएमआर पन्नामा आफ्नो रोल नम्बर लेख्नुहोस्।
2. परीक्षाको आरम्भमा तपाईँलाई प्रश्न पुस्तिका दिइनेछ। सुरुका पाँच मिनटभित्र प्रश्न पुस्तिका खोलेर यसको जाँच गर्नुहुन अनुरोध गरिन्छ :
   (क) प्रश्न पुस्तिका खोल्न आवरण पृष्ठको किनारामा भएको कागतको सिल च्यात्नुहोस्।
   (ख) पुस्तिकामा कुनै दोष देखिएमा निरीक्षकलाई तुरुन्तै भनेर पाँच मिनटको अवधिभित्रैमा त्यसको साटो दोषरहित अर्को पुस्तिका लिनुपर्दछ। त्यो अवधि बितेपछि न ता अर्को पुस्तिका साट्न पाइन्छ न अतिरिक्त समय नै दिइने छ।
   (ग) प्रश्न पुस्तिका सङ्ख्या र ओएमआर पुस्तिका सङ्ख्या एकै छन् कि छैनन् राम्ररी जाँचेर हेर्नुहोस्। एकै छैनन् भने दुवैको साटो अर्को सेट लिनुपर्दछ।
   (घ) यति जाँच गरिसकेपछि प्रश्न पुस्तिका शृङ्खला सङ्ख्या र प्रश्न पुस्तिका सङ्ख्या ओएमआर पन्नामा लेख्नु पर्दछ।
3. यस प्रश्नपत्रमा एक सयवटा (100) बहुविकल्पी ढाँचाका प्रश्न छन्। सबै प्रश्न अनिवार्य छन्। प्रत्येक प्रश्न दुई अङ्कको छ।
4. प्रत्येक प्रश्नका चारवटा वैकल्पिक उत्तर (A) (B) (C) (D) चिह्नित छन्। परीक्षार्थीले सही उत्तरमा तल देखाइएको ढङ्गमा कालो गोलो थोप्लो पोत्नु पर्ने छ। दृष्टान्त : (A) (B) ● (D) जसमा (C) चाहिँ सही उत्तर हो।
5. प्रत्येक प्रश्नको सटीक उत्तर ओएमआर पन्नामा ठिकसित चिह्नित गर्नु पर्दछ। आफ्नो उत्तर ओएमआर पन्नामा दिइएका वृत्तमाबाहेक अन्यत्र कतै चिह्नित गरिएमा त्यसको मूल्याङ्कन गरिने छैन।
6. कोरकारे काम पुस्तिकाको अन्त्यमा रहेको खाली ठाउँमा गर्नुपर्ने छ।
7. ओएमआर पन्नामा सन्दर्भित प्रविष्टिका निम्ति दिइएको ठाउँमा बाहेक अन्यत्र कहीँ पनि आफ्नो नाम, फोन नम्बर लेखिएको अथवा कहीँ कतै पनि आफ्नो परिचय दिने कुनै किसिमको चिह्न छोडिएको पाइएमा, अथवा कुनै अपशब्द प्रयोग गरिएको वा कोतरेर वा सेतो रङ्ग पोतेर उत्तर बदलिने प्रयास गर्ने जस्ता कुनै पनि अनुचित तरिका अपनाएको पाइएमा परीक्षार्थीले आफैलाई परीक्षाका निम्ति अयोग्य प्रमाणित गरेको ठहरिने छ।
8. ओएमआर पन्नालाई पट्याउन वा अरू कुनै प्रकारले क्षति पुऱ्याउन निषेध छ। त्यसो गरिएको ओएमआर पन्नाको मूल्याङ्कन गरिने छैन।
9. परीक्षा समाप्त हुने बित्तिकै परीक्षार्थीले आफूसित भएको ओएमआर पन्ना अनिवार्य रूपमा निरीक्षकलाई फिर्ता दिनु पर्दछ, कसैले पनि यसलाई परीक्षा हलदेखि बाहिर लैजान मनाही छ। परीक्षा समाप्त भए पछि प्रश्न पत्र तथा OMR पाताको प्रतिलिपि भने परीक्षार्थीले आफूसिनै लैजान पाउने छन्।
10. **कालो लेख्ने डटपेन मात्र प्रयोग गर्न पाइने छ।**
11. **कुनै किसिमको गणन यन्त्र, मोबाइल फोन, इलेक्ट्रोनिक उपकरण आदि व्यवहार गर्न पूर्णतः निषेध छ।**
12. **भुल उत्तरका निम्ति प्रतिकूल अङ्कन गरिने छैन।**

**The Question Booklet is encrypted with QR code for security purpose.**

## Nepali

**1.** ''सुनें 'चुरोटको भाउ धरहराको टुप्पामा चढ्यो।'
आफू त भइयो पुड्के, हात पनि लामा भएनन्।
धरहराको टुप्पामा पुग्ने त के हेर्दै पनि पछारिने डर।
पेट काटी, गाँस काटी गर्ज टार्दैछु।''

निबन्धको सन्दर्भमा 'आफू त भइयो पुड्के' मन्तव्यले निबन्धकारको कस्तो व्यक्तित्व चित्रित गर्दछ?

(A) श्रमिकवर्गको मानिस

(B) उच्च स्थानमा चढ्न डराउने

(C) आर्थिक रूपमा कमजोर

(D) आफ्नो कुरा भन्न लाज मान्ने

**2.** संस्कृत भाषा चिन्तकहरू अनुसार अर्थतत्त्वका आधारभूत भेद कुन कुन हुन्?

(A) प्रकृति र प्रत्यय

(B) धातु र प्रातिपदिक

(C) सुप् र तिङ्

(D) पद र प्रत्यय

**3.** नेपाली कथाको विकास प्रक्रियाका सन्दर्भमा यसले विधागत स्वरूप, संरचना र ढाँचा प्राप्त नगरेको कुरा उल्लेख गर्दै वि सं १८०० देखि १९९२ सम्मको समयलाई मोहनराज शर्माले कुन संज्ञाले बुझाएका छन्?

(A) खिस्सा लेखन र अनूदित आख्यान काल

(B) शून्य कथालेखन काल

(C) कथालेखनको पृष्ठभूमि र अभ्यास काल

(D) संस्कृतमुखी आधार तथा निर्माण काल

**4.** राजशेखरले काव्यमीमांशामा कविका कतिवटा अवस्था देखाएका छन्?

(A) सात

(B) तीन

(C) दुई

(D) दस

**5.** इन्द्रबहादुर राईका विचारमा समालोचनाका सिद्धान्तहरूका आधारहरूको गवेषणा साहित्यसिद्धान्तशास्त्रबाट हुन्छ भने समालोचनाका समस्याहरूको विश्लेषण केबाट हुन्छ?

(A) परासमालोचना

(B) सौन्दर्यशास्त्र

(C) साहित्यशास्त्र

(D) पर्यासमालोचना

**6.** मनुष्यको सृष्टि निष्प्रयोजनीय ठान्ने सिद्धान्त कुन हो?

(A) शून्यवाद

(B) अस्तित्ववाद

(C) रहस्यवाद

(D) स्याद्वाद

**7.** 'निकट घटक विश्लेषण'— को अवधारणाका प्रतिपादक को हुन्?

(A) जेलिग एस ह्यारिस

(B) चार्ल्स फ्रान्सिस हकेट

(C) ल्योनार्द ब्लुमफिल्ड

(D) एच ए ग्लिसन

**8.** अग्निपुराणमा गद्य कथाका पाँचवटा भेद मानिएका छन्, ती भेदहरू मध्ये एउटा 'कथालिका' ले तलको कुन कुरा बुझाउँछ?

(A) सत्यको अंश थोरै अनि कल्पना धेरै भएको कल्पित कथा

(B) पूर्ण कथानक नभएर बिचको टुक्रे सानो कथा

(C) परम्परादेखि आएको प्रसिद्ध सत्य कथा

(D) एउटा कथाभित्र अरू अनेक कथाहरू जोडिएको

**9.** 'कस्ले बिगार्दछ विशेष फलामलाई
कस्ले बिगार्दछ विशेष फलामलाई।'
माथिको पद्यांशमा कुन अलङ्कार पाइन्छ?

(A) लाटानुप्रास

(B) छेकानुप्रास

(C) अन्त्यानुप्रास

(D) वृत्त्यनुप्रास

**10.** बहुअर्थी पाठलाई रोलाँ बार्थले के भनेका छन्?

(A) बन्द पाठ
(B) विनिर्मित पाठ
(C) खुला पाठ
(D) संरचित पाठ

**11.** तलको कुन कथनले रिचर्ड्सको मूल्य सिद्धान्तलाई पुष्टि गर्दछ?

(A) कविले कुनै रचना गर्दा उसको साहित्यको सम्पूर्ण परम्परा एकैसाथ मुखरित भइरहेको हुन्छ।
(B) कलाकारको सौन्दर्यबोध कला र समाजको सम्बन्धको सूक्ष्म अध्ययनका आधारमा मात्र पूर्ण हुन्छ।
(C) एउटा सफल साहित्यिक रचना यसका रचनाकारको सन्तुलित मनोवेगको उब्जा हो।
(D) कला भनेको गतिशील जीवन र प्रसङ्गको प्रतिच्छाया हो।

**12.** संस्कृत तत्सम शब्द 'हृदय'— का नेपालीमा विकसित तद्भव रूप कुन कुन हुन्?

(A) हितअ, हिरय, हिर्दय
(B) हियो, हित, हियारा
(C) हिक्मत, हिर्दय, हियारो
(D) हितौरो, हिरय, हियो

**13.** कृष्णचन्द्रसिंह प्रधान अनुसार 'पल्लो घरको झ्याल' उपन्यासकी मिसरीको मानसिकता र चरित्रको निर्माणमा कुन तीनवटा कुराको संयोग भएको छ?

(A) परम्परा, आधुनिकता र परिवेश
(B) भोक, भोग र कुण्ठा
(C) इच्छा, द्वन्द्व र द्वन्द्वको अवसान
(D) आदर्श, भोक र अतृप्ति

**14.** 'अमरसिंह' नाटकमा प्रधान मन्त्री भीमसेन थापाको मुख्य काम के हो?

(A) सैन्य सञ्चालन गर्नु
(B) नीति निर्माण गर्नु
(C) युद्धका पक्षमा निर्णय लिनु
(D) सैन्यमा रसद पानी वितरण गर्नु

**15.** क्रोचेले मानसिक व्यापारलाई कति प्रकारमा विभाजन गरेका छन्?

(A) तीन
(B) चार
(C) पाँच
(D) छ

**16.** ''अचेलको गुजराती, मारवाडी तथा ब्रज भाषासँग यसको साम्य बढी छ र यो खडीबोली र पन्जाबीसँग पनि मिल्दछ।'' — चूडामणि बन्धुको यस भनाइमा उल्लेख गरिएको 'यो' भाषा कुन हो?

(A) खस प्राकृत
(B) अपभ्रंश
(C) शौरसेनी
(D) पैशाची

**17.** ''कुन परिस्थितिमा कुन पात्रले के सोच्दै छ, त्यसको वर्णन गर्नु उपन्यासकारको कर्तव्य हो, कलाकारले कहिले पनि आफ्ना पात्रका व्यवहार र कथनहरूको न्यायकर्ता हुनु हुँदैन, बरु साक्षीका रूपमा बस्नु पर्छ।''— रसियाली साहित्यकार अन्तोन चेखवको यस भनाइले साहित्य लेखनमा कस्तो प्रवृत्तिको सङ्केत गर्दछ?

(A) आदर्शवादी
(B) यथार्थवादी
(C) आलोचनात्मक यथार्थवादी
(D) समाजवादी

**18.** 'नीलो सागर पार
जान्छ मनको
मेरो उज्यालो रथ
चित्तै उड्दछ
देख्छु स्वर्ग हँसिलो
पस्छु त्यहाँ गै म त।'

— कविताको सन्दर्भमा 'स्वर्ग हँसिलो' पदावलीले के लक्ष्यार्थबोध गराउँदछ?

(A) प्रकृतिमय भावावस्था
(B) अविदित प्रकृति र कालावकासको विस्तार
(C) मृत्युपछि सम्भावित सत्ताको कल्पना
(D) पुनर्जन्म पाइने स्वैरकल्पना

**19.** नेपाली भाषामा लेखेर प्रकाशित गरिएको पहिलो कृति 'ज्ञानभङ्ग तरङ्गिणी' कुन भाषाबाट अनुवाद भएको हो?

(A) बङ्गला

(B) संस्कृत

(C) हिन्दी

(D) उर्दू

**20.** स्तरीकरणात्मक व्याकरणको अवधारणा प्रतिपादन गर्ने सिड्नी ल्याम्बले यसको प्रेरणा कसबाट लिएका हुन्?

(A) लुई येल्म्स्लेव

(B) फर्दिनान्द दि सस्युर

(C) पाणिनि

(D) भर्तृहरि

**21.** महर्षि पतञ्जलिका अनुसार शब्दले सङ्केत गर्ने चार प्रकारका अर्थहरू कुन कुन हुन्?

(A) क्रिया, गुण, जाति, नाम

(B) जाति, रीति, क्रिया, ध्वनि

(C) जाति, आकृति, कर्म, नाम

(D) कर्म, गुण, नाम, व्यङ्ग्य

**22.** 'लिएर शास्त्रीय ठुला किताप
बढाउने हो किन दुःखताप
तवर्गका अन्तिम वर्ण खाली
पढी दुईटा बन भाग्यशाली।'

— माथिको पद्यांशमा 'ठुला किताप' पदावलीले कुन सन्दर्भलाई स्पष्ट पार्दछ?

(A) ज्ञान संस्कार

(B) कितापको आकार

(C) कितापभित्रका नबुझिने विषय

(D) कितापको प्रभाव

**23.** तलका अभिकथन 'A' अनि तर्क 'R' पढ्नुहोस् —

*अभिकथन* - A :

युरोकेन्द्रवादको विरोध उत्तरऔपनिवेशिक लेखनको एउटा महत्त्वपूर्ण पक्ष हो।

*तर्क* - R :

उत्तरऔपनिवेशिक लेखकहरूले आफ्नै संस्कृतिमा, लोक साहित्यमा, मौखिक अनि लिखित परम्परामा आफ्नो गौरव खोज्ने कार्य गरे।

सही विकल्प चिन्नुहोस् :

(A) माथिका 'A' अनि 'R' दुवै सही हुन् अनि 'R' 'A' को सही व्याख्या हो।

(B) माथिका 'A' अनि 'R' दुवै सही हुन् तर 'R' 'A' को सही व्याख्या होइन।

(C) 'A' सही हो, 'R' भुल हो।

(D) 'A' भुल हो, 'R' सही हो।

**24.** तत्सम शब्दमा सोझै संस्कृतेतर प्रत्यय जोडेर बनाइएका कोपियो, क्रम्यो, आरम्भियो जस्ता क्रियापद कुन भाषामा चलेका छन्?

(A) नेपाली

(B) ब्रज

(C) अवधि

(D) राजस्थानी

**25.** श्रुतिले भनेको छ, ''त्यो रस नै हो। रसलाई पाएर नै त्यो आनन्दित हुन्छ।''— केशवप्रसाद उपाध्याय अनुसार यस कथनमा 'त्यो' कुन कुराको सङ्केतक छ?

(A) आस्वादन

(B) ब्रह्म

(C) ब्रह्मानन्द

(D) आह्लादकारी स्थायी भाव

**26.** ‘कंम्मर कटारि भीरि ढालतरवार है
ईश्वरको डोर लागि अब जाम्ला कासि है।’
— माथिको पद्यांश कुन कविताको हो?
(A) स्तुतिपद्य
(B) साँढ्याको कवित्त
(C) पृथ्वीनारायण
(D) पृथ्वीन्द्रोदय

**27.** विजय मल्ल मूलतः कस्ता नाटककार हुन्?
(A) अस्तित्ववादी
(B) मनोविश्लेषणवादी
(C) विसङ्गतिवादी
(D) यथार्थवादी

**28.** उन्नाईसौँ शताब्दीको अन्तिम तथा बीसौँ शताब्दीको प्रारम्भिक दशकमा देखा परेका आधुनिकतावादी रचनालाई ‘अवाँ–गार्द’–को संज्ञा दिइएको छ। ‘अवाँ–गार्द’–को अभिधा अर्थ के हो?
(A) साहित्य रचनामा नौला प्रयोग गर्ने प्रथम पङ्क्तिका लेखक
(B) लेखनमा देखिने नयाँ आन्दोलन अनि प्रयोग
(C) राजनैतिक विचारधारा सूत्रपात गर्ने अग्र पङ्क्तिका लेखक
(D) युद्धको मोर्चामा खटाइएका अग्रिम पङ्क्तिका सेना

**29.** ‘‘बाहिरी रूपमा संसारका भाषाहरू भिन्न भिन्न भए तापनि आन्तरिक संरचनामा संसारका सबै भाषा समान छन्’’ भन्ने मत प्रतिपादन गर्ने भाषाविज्ञानी को हुन्?
(A) फर्दिनान्द दि सस्युर
(B) ल्योनार्ड ब्लुमफिल्ड
(C) नोअम चम्स्की
(D) रोमन याकोब्सन

**30.** रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछु
रात्भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छु।
— उपर्युक्त पद्यांशमा ‘ताप् छैन’, ‘चयन्मा छु’ भन्दा भन्दै पनि ‘तापमा छु’ ‘चयनमा छुइनँ’ भन्ने अर्थबोध हुँदा कुन प्रकारको ध्वनि यसमा पाइन्छ?
(A) अर्थान्तरसङ्क्रमितवाच्य
(B) अत्यन्ततिरस्कृतवाच्य
(C) असंलक्ष्यक्रमव्यङ्ग्य
(D) संलक्ष्यक्रमव्यङ्ग्य

**31.** इ सं १९०९ मा दार्जिलिङमा ‘अटलबहादुर’ नाटक कुन संस्थाका सहयोगमा मञ्चित भएको थियो?
(A) चिल्ड्रेन्स एम्युजमेन्ट एसोसिएसन
(B) हिमालयन एम्युजमेन्ट एसोसिएसन
(C) हिमालय नाट्य समाज
(D) गोर्खा नेसनल थिएट्रिकल पार्टी

**32.** मनोविश्लेषणवादी अध्ययन अनुसार आफू आकर्षणको केन्द्र हुन नचाहने, अरूका लागि भार हुन नचाहने, अरूलाई मात्र दिने आफू नलिने स्वभाव भएका व्यक्तिमा कस्तो वृत्ति हुन्छ?
(A) आत्मरति वृत्ति
(B) अनुकारक वृत्ति
(C) प्रत्यावर्तन वृत्ति
(D) प्रतिरोध वृत्ति

**33.** प्रकार्यका दृष्टिले वाक्य पूर्वज्ञात र पूर्वसन्दर्भित तथा नयाँ कुरा र ज्ञानको सूचक हुन्छ भन्ने प्राग सम्प्रदायका भाषाविज्ञानी माइलेम मेथेसियसले ती दुई किसिमका वाक्यका नाम के के राखेका छन्?
(A) थिम र रिम
(B) ओनोमा र रिमा
(C) सब्जेक्ट र प्रिडिकेट
(D) टपिक र कमेन्ट

**34.** तलका मध्ये कसलाई आधुनिक रसियाली साहित्यका प्रवर्तक तथा आधुनिक रसियाली कथाका जनक मानिन्छ?

(A) निकोलाई गोगोल

(B) अन्तोन चेखव

(C) अलेक्सान्द्र पुस्किन

(D) फ्योदोर दोस्तोयेव्स्की

**35.** ''चाकर्‌को पनि चाल कान्तिपुरमा मो ता जसै देख्त छू।
तिन्को दुक्ख कथा विचारि मनमा एक् एक् गरी लेख्दछू।।''

माथिको कवितांशका कवि को हुन्?

(A) भानुभक्त आचार्य

(B) रघुनाथ भट्ट

(C) सुन्दरानन्द बाँडा

(D) मोतीराम भट्ट

**36.** 'जजसले जे जे बुझोस् मेरो क्यै आपत्ति छैन। बुझोस् आफू आफूलाई हुँदो कुरा'— 'कठपुतलीको मन' कथाको पात्र चामेको यस संवादले विर्निमाणको कुन अवधारणातर्फ सङ्केत गर्दछ?

(A) भिन्नता

(B) शून्यवाद

(C) विपठन

(D) अध्यात्मवाद

**37.** नेपाली भाषामा चलेका 'कुसुले' र 'पर्खाल' शब्दको स्रोत कुन हो?

(A) बोटे भाषा

(B) खस भाषा

(C) नेवारी भाषा

(D) धिमाल भाषा

**38.** पृष्ठभूमि वा प्रारम्भ, विषयको विवरण, त्यस विषयको पहिचानमा बाधा पर्ने बाधक तत्त्व वा तत्त्वहरू अनि उपसंहार गरी पहेलीका चारवटा अङ्ग हुन्छन् भने नेपाली गाउँखाने कथाहरूमा यी मध्ये कुन अङ्ग हुँदैन?

(A) पृष्ठभूमि वा प्रारम्भ

(B) विषयको विवरण

(C) विषयको पहिचानमा बाधा पर्ने बाधक तत्त्व

(D) उपसंहार

**39.** 'धिक्कार् जन्म मनुष्य पाई तिनिले साना पशू झैं भया।
चाकर् किन्नु र बेच्नु पाप बुझिल्यौ बुद्धि त आफ्नो भया।।'

'चाकर् किन्नु र बेच्नु' जस्ता पदावलीले तत्कालीन नेपाली समाजको कुन प्रथालाई अभिलिखित गरेको छ?

(A) सामन्ती प्रथा

(B) कमारा प्रथा

(C) मानवबली प्रथा

(D) छाउपाडी प्रथा

**40.** निम्नलिखित दुईवटा कथन पढ्नुहोस् —

*कथन* I – 'आगो र पानी'– मा नियमित आकस्मिकता–वादमा आधारित द्वन्द्वात्मक दार्शनिक सामाजिक धारणा र स्थितिको कुशल सङ्घटन र संश्लेषण छ।

*कथन* II – जीवन र जगत्‌को विपुल बौद्धिक ज्ञानलाई बालकृष्ण समले 'आगो र पानी'– मा अभिव्यक्त गरेका छन्।

तलका मध्ये सही विकल्प छान्नुहोस् :

(A) कथन I र कथन II दुवै सही छन्

(B) कथन I र कथन II दुवै भुल छन्

(C) कथन I सही तर कथन II भुल छ

(D) कथन I भुल तर कथन II सही छ

**41.** रीतिवादी आचार्य वामन र तिनका स्थापनाका सन्दर्भमा तलका कुन कुन कथनहरू सही छन्?

1. रीतिको स्वतन्त्र सत्ता छ।
2. गुण रीतिको मूल आधार हो।
3. समस्त अलङ्कारहरू उपमाका प्रपञ्च हुन्।
4. गुण शब्दगत र अर्थगत गरी २० छन्।
5. वामनको ग्रन्थको नाम 'काव्यादर्श' हो।

सही विकल्प छान्नु होस् –

(A) 1, 2, 3

(B) 1, 3, 4

(C) 2, 3, 5

(D) 3, 4, 5

**42.** 'वीरकालीन कविता' धारामा उपलब्ध नेपाली भाषाटीकासहितको संस्कृत पद्यरचना कुन हो?

(A) बाबा नरभूपाल साहकि दुहाई

(B) कवितानिकषोपल

(C) फिरंगानते फिरंगी

(D) बडो वंश बसनात

**43.** प्रयोगवादी धाराका नाटककारहरू निम्न तत्त्वप्रति केन्द्रित रहेका हुन्छन् –

1. व्यङ्ग्यात्मकता
2. स्वैरकल्पना
3. प्रतीकात्मकता
4. अभिव्यञ्जनात्मकता

तल दिइएका विकल्पमध्ये सही उत्तर छान्नुहोस् –

(A) 1 र 3

(B) 1, 2 र 4

(C) 2, 3 र 4

(D) 1, 2 र 3

**44.** तलको कुनचाहिँ लोकगाथा जनश्रुतिमूलक हो?

(A) चाँचरी

(B) धमारी

(C) भैनी

(D) फाग

**45.** भाषिक ध्वनि उच्चारणको 'स्वरयन्त्र' नामक अवयवलाई 'मानव ध्वनि प्रसारण केन्द्र' नाउँ दिने ध्वनिविज्ञानी को हुन्?

(A) ल्योनार्ड ब्लुमफिल्ड

(B) जर्ज अस्कर रसेल

(C) ड्यानियल जोन्स

(D) पिटर ल्याडेफोगेड

**46.** ''आधारिकतया यो समस्यामूलक उपन्यास होइन तर पनि दार्जिलिङमा स्थित भारतीय नेपालीहरूको प्रथमतः आर्थिक उत्थान, चिया कमानका नेपाली श्रमिकहरूको सङ्घबद्ध सङ्घर्षले अविलम्ब आवश्वक यसले भन्छ।''— यो भनाइ कसको कुन उपन्यासका सन्दर्भमा भनिएको हो?

(A) इन्द्र सुन्दासको 'जुनेली रेखा'

(B) असीत राईको 'नयाँ क्षितिजको खोज'

(C) रवीन्द्रकुमार मोक्तानको 'दुई पात एक सुइरो'

(D) इन्द्रबहादुर राईको 'आज रमिता छ'

**47.** 'यहाँदेखि परतिर बाँचुन्जेलसम्मका
सबै मोहहरू, आत्मीयता जति
मेरा यिनै भीर-पखेरा
देउराली-लेकाली डाँडालाई सुम्पिराख्नेछु।'

माथिको कवितांशमा कुन पदावलीले कविको इतिहास-चेतनालाई जीवनमुखी आवर्तक तत्त्व बनाएको छ?

(A) 'यहाँदेखि परतिर बाँचुन्जेलसम्मका'

(B) 'देउराली-लेकाली डाँडालाई सुम्पिराख्नेछु'

(C) 'यिनै भीर-पखेरा'

(D) 'मोहहरू, आत्मीयता'

**48.** ज्याँ पल सार्त्रले अस्तित्वका निम्न पक्ष देखाएका छन्–

1. आकारहीनता
2. अर्थहीनता
3. असचेतता
4. अनिश्चितता

तलका विकल्पबाट सही उत्तर लेख्नुहोस् –

(A) 3 र 4

(B) 1, 2 र 4

(C) 2 र 3

(D) 1, 2 र 3

**49.** देउडा नृत्यका अवसरमा गरिने सवाल जवाफलाई के भनिन्छ?

(A) गौँडो थाप्नु

(B) झिट्टा गर्नु

(C) दोहोरी खेल्नु

(D) गौँडो फुकाउनु

**50.** भाषामा सर्वनामीकरणको प्रक्रिया भन्नाले के बुझिन्छ?

1. सर्वनाम गएर क्रियामा टाँसिनु
2. पुनरुक्ति हटाउन अघिल्लो उपवाक्यमा रहेको नामलाई सर्वनाम पदले प्रतिस्थापना गर्नु
3. सर्वनामेतर शब्दले वाक्यमा सर्वनामको काम गर्नु
4. वाक्यमा सर्वनामले क्रियापदको अर्थ परिसीमन गर्नु
5. वाक्यमा सर्वनामको प्रभावले नाम, विशेषण र क्रियापदका रूप फेरिनु

तलका विकल्पबाट सही उत्तर छान्नुहोस् –

(A) 1, 3, 5
(B) 2, 4, 5
(C) 2, 3, 4
(D) 1, 2, 3

**51.** *समूह* १ र *समूह* २ मा भएका कथाकार र तिनका कथा सङ्ग्रह चिनेर जोडा मिलाउनु होस् –

| *समूह-१* | *समूह-२* |
|---|---|
| 1. परशुराम रोका | क. रेखा |
| 2. वीरविक्रम गुरुङ | ख. पञ्चामृत |
| 3. प्रकाश राई 'कोविद्' | ग. वरपीपल |
| 4. नरबहादुर दाहाल | घ. अमरक्षण |

(A) 1–ग, 2–घ, 3–ख, 4–क
(B) 1–ख, 2–क, 3–घ, 4–ग
(C) 1–ख, 2–ग, 3–घ, 4–क
(D) 1–ख, 2–घ, 3–क, 4–ग

**52.** 'फर्कन्न साथी ! फर्कन्न ! तिमी जति भन म अब फर्कन्न
यहाँ छातिको भाँचिएको करडभित्र एक सर्वकालीन
रातो ताजा घाउ छ।'

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित यस कविताको शीर्षक के हो?

(A) पागल
(B) साथी ! घाउ छ
(C) भूतलाई झटारो
(D) बाघले बच्चा किन खान्छ?

**53.** आचार्य दण्डीले महाकाव्यको कथानकका लक्षण के के देखाएका छन्?

1. महाकाव्यको कथा इतिहासप्रसिद्ध हुनुपर्दछ, कल्पित होइन।
2. सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुनुपर्छ।
3. कथानक पाँच सन्धिमा विभाजित हुनुपर्दछ।
4. सर्ग–सर्गमा कथा बाँडिएको होस् तर ज्यादै लामो र ज्यादै छोटो सर्ग हुनु हुँदैन।

तलका विकल्पबाट सही उत्तर छान्नुहोस् –

(A) 1, 2 र 4
(B) 2 र 4
(C) 2, 3 र 4
(D) 1 र 4

**54.** तलका मध्ये कुनचाहिँ तत्त्व लोक साहित्यको एउटा विशेषता हो?

(A) व्यष्टि
(B) समष्टि
(C) स्थिरता
(D) निजत्व

**55.** माधवप्रसाद पोखरेलको 'नेपाली वाक्य व्याकरण' अनुसार कोटिकारका सन्दर्भमा तलको कुन कथन सही हो?

(A) नाम र क्रियापदका बिचमा आउने पूरक पद
(B) सङ्ख्यावाचक विशेषण र नामका बिचमा अनिवार्य रूपले आउने विशेष शब्द
(C) गुणवाचक विशेषणसित गाँसिएर आउने शब्द
(D) नामपदको पूर्वपट्टि प्रयोग गरिने अव्यय शब्द

**56.** दयाराम श्रेष्ठले विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथा पञ्चतन्त्रको 'कृषकको पत्नी र एक ठगको कथा' सँग तुलनीय छ भनेका छन्; उक्त कथा पञ्चतन्त्रको कुन खण्ड अन्तर्गत पर्छ?

(A) काकोलूकीयम्
(B) मित्रभेद
(C) लब्धप्रणाश
(D) अपरीक्षितकारक

**57.** 'शब्दका ससाना इँटहरू
वाक्यका भाटाहरू
केही स्याउला र पातहरूले
मैले बनाएको झोपडीभित्र
उसलाई बोलाएर जब जब राखूँ भन्छु
चिच्याउँदै निस्कन्छ एउटा प्राण
मुर्झाउँदै निस्कन्छ एउटा घाम।'
— कविताको सन्दर्भमा 'उसलाई' को परिचय के हो?

(A) कविको प्रेमी अथवा प्रेमिका
(B) कविको दौँतरी साथी
(C) शाश्वत कविता
(D) बटुवा

**58.** शृङ्गारकालीन नेपाली कविताका प्रमुख वैशिष्ट्य कुन कुन हुन्?

1. प्रचलित काव्य प्रवृत्ति र परम्पराको परित्याग र नयाँ परम्पराको सूत्रपात
2. नयाँ सामाजिक मूल्यबोधको उद्घाटन गर्ने प्रयास
3. शास्त्रीय छन्दको पनि विविधतापूर्ण प्रयोग
4. सामन्ती र अमानवीय व्यवस्थाको समर्थन र पोषण

तलका मध्ये सही विकल्प छान्नुहोस् –

(A) 1, 2 र 4
(B) 2 र 4
(C) 1 र 4
(D) 1, 2 र 3

**59.** लोक कथाको उत्पत्ति सबै ठाउँबाट भयो भन्ने आर्थर टेलरको धारणा कुन सिद्धान्त अन्तर्गत पर्दछ?

(A) प्रसारवाद
(B) विकासवाद
(C) प्रकृतिरूपवाद
(D) इच्छापूर्तिवाद

**60.** तलका शब्दमा ध्वनि परिवर्तनको कुन प्रक्रिया पाइन्छ?

अद्य > अज्ज
मध्य > मज्झ
सत्य > सच्च

(A) अल्पप्राणीभवन
(B) तालव्यीभवन
(C) कण्ठ्यीभवन
(D) महाप्राणीभवन

**61.** 'प्रेमपिण्ड' चलचित्रको गीत 'गैह्री खेतको शिरै हान्यो वर्षा यामको दरौँदीले' — मा 'दरौँदी' शब्दले के बुझाउँछ?

(A) नदीको नाम
(B) नदीको भेलमा आएको धार
(C) सबैतिरबाट उर्लेर आई बगेको पानी
(D) शाखा नदी

**62.** ''वरिपरि वैरीहरू छन् सारा
छैन कतैतिर कोहि सहारा।
के गरुँ कसरी उम्की जाऊँ
कोसित मनको दर्द बिसाऊँ।।''
— माथिको पद्यांशमा कुन छन्द पाइन्छ?

(A) तोटक
(B) स्रग्धरा
(C) आर्या
(D) चौपाई

**63.** ईश्वर बरालकृत 'आख्यानको उद्भव'— मा सङ्गृहीत लेखहरूको अनुक्रम मिलाउनुहोस् :

1. पारिजातका कथाको विश्लेषण
2. प्रतिसन्धिकालीन उपन्यास : 'एकादेशकी महारानी'
3. परशु प्रधानका कथाका भावपक्ष तथा शिल्पपक्ष
4. बरी किन मरी?

तलका मध्ये सही विकल्प छान्नुहोस् :

(A) 2, 4, 3, 1
(B) 4, 2, 1, 3
(C) 1, 3, 2, 4
(D) 3, 1, 4, 2

**64.** 'अनुराधा' उपन्यासको पात्र कोमलमानको मानसिक अवस्थालाई तलको कुन कुराले बुझाउँछ?

(A) इलेक्ट्रा ग्रन्थि

(B) आत्मरति ग्रन्थि

(C) अनुकारक वृत्ति

(D) पीडकतोषीय वृत्ति

**65.** नाम र सर्वनाममा के भिन्नता छ?

1. सर्वनामले नामलाई पालो दिन्छ, नामले सर्वनामलाई पालो दिँदैन।
2. नामबाट क्रियापद बन्न सक्छ, सर्वनामबाट क्रियापद बन्दैन।
3. नामको अर्थ सीमित हुन्छ, सर्वनामको अर्थ असीम हुन्छ।
4. नाम काढेर बोलाउन सकिन्छ, सर्वनाम काढेर बोलाउन सकिँदैन।
5. नामको अर्थ अनिश्चित र परिस्थिति सापेक्ष हुन्छ, सर्वनामको अर्थ अनिश्चित र परिस्थिति निरपेक्ष हुन्छ।

तलका विकल्पबाट सही उत्तर छान्नुहोस् :

(A) 1, 3, 4, 5

(B) 2, 4, 5

(C) 1, 3, 5

(D) 1, 2, 4

**66.** माध्यमिककालीन कुन उपन्यासलाई कृष्णचन्द्रसिंह प्रधानले 'तिलस्मी भेषमा तत्कालीन नेपालको सामाजिक चित्र हो' भनी भनेका छन्?

(A) महेन्द्रप्रभा

(B) नरेन्द्र मोहिनी

(C) वीरसिकका

(D) वीरचरित्र

**67.** कविता रचना-अवलम्बको सन्दर्भमा 'विरोधाभास', 'व्यतिरेक', 'अतिशयोक्ति', 'भ्रान्ति', 'सन्देह' आदि के हुन्?

(A) अर्थालङ्कार

(B) शब्दालङ्कार

(C) भाषिक उपादान

(D) बिम्ब र प्रतीक

**68.** प्रकाशन कालका आधारमा बालकृष्ण समका नाटकहरूको सही अनुक्रम कुन हो?

1. भक्त भानुभक्त
2. ध्रुव
3. भीमसेनको अन्त्य
4. म

तलका विकल्पमध्ये सही उत्तर छान्नुहोस् :

(A) 4, 3, 2, 1

(B) 2, 1, 4, 3

(C) 4, 2, 3, 1

(D) 1, 4, 3, 2

**69.** अनुसन्धानको कुन प्रक्रियालाई सिद्धान्त निर्माण प्रक्रिया भनिन्छ?

(A) प्राक्कल्पना निर्माण

(B) सामान्यीकरण

(C) तथ्य सङ्कलन

(D) कोडीकरण

**70.** माधव पोखरेल अनुसार वाक्यमा प्रयोग भएका शब्दमध्ये क्रियाविशेषण चिन्ने आधार के हो?

(A) कहाँ, कहिले, किन, कसरी भन्ने प्रश्नका उत्तरमा आउने शब्द

(B) के, कुन, कता, किन भन्ने प्रश्नका उत्तरमा आउने शब्द

(C) कस्तो, कुन, कति, के भन्ने प्रश्नका उत्तरमा आउने शब्द

(D) कसरी, किन, के-के, कुन-कुन भन्ने प्रश्न गर्दा उत्तर स्वरूप पाइने शब्द

**71.** नेपाली कथाले पूर्ण 'मुद्रणयुग'-मा कहिलेदेखि प्रवेश गरेको हो?

(A) इ सं १९०१, 'गोरखापत्र' को प्रकाशन भएदेखि

(B) इ सं १९२७, 'गोरखा संसार' को प्रकाशन भएदेखि

(C) इ सं १९३५, 'शारदा' को प्रकाशन भएदेखि

(D) इ सं १९३८, 'कथा कुसुम' प्रकाशित भएदेखि

**72.** 'खासमा जे लेख्न म बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन। तर उपाय छैन अब–यी दुई शब्द टाउकोमा ड्याम्म वास बस्न आइपुगे।'

यस्तो लेख्ने निबन्धकार को हुन्?

(A) लक्ष्मीप्रसाद देवकोटा

(B) शङ्कर लामिछाने

(C) रामलाल अधिकारी

(D) कृष्णचन्द्रसिंह प्रधान

**73.** *सूची*–I मा दिइएका पात्रहरू *सूची*–II का कुन नाटकसित सम्बन्धित छन्, जोडा मिलाउनुहोस् :

| *सूची*–I | *सूची*–II |
|---|---|
| 1. जयवीर र गरुडध्वज | i. प्रेमपिण्ड |
| 2. उर्मिला र सरिता | ii. अन्धवेग |
| 3. सबिता र नकुल | iii च्यातिएको पर्दा |
| 4. मननानी र जानकी | iv. भूसको आगो |

तलका विकल्पबाट सही उत्तर छान्नुहोस् :

(A) 1– iii, 2 – i, 3 – ii, 4 – iv

(B) 1– i, 2 – ii, 3 – iv, 4 – iii

(C) 1– ii, 2 – iv, 3 – i, 4 – iii

(D) 1– iv, 2 – iii, 3 – ii, 4 – i

**74.** तलको कुन कुराले निगमनात्मक पद्धति चिनाउँदछ?

(A) अनुसन्धेय विषयबारे बिनातर्क निष्कर्ष निकाल्नु

(B) सामग्रीको विश्लेषणद्वारा कुनै सिद्धान्त स्थापना गर्नु

(C) स्थापित सिद्धान्तका आधारमा अध्ययन प्रस्तुत गर्नु

(D) सामग्री सङ्कलन गरी शोधको प्राक्कल्पना निर्माण गर्नु

**75.** नोअम चम्स्कीद्वारा प्रस्तावित मानक सिद्धान्तका तीनवटा घटक कुन कुन हुन्?

(A) स्वनिमिक घटक, वार्णिक घटक, रूपतात्त्विक घटक

(B) वार्णिक घटक, वाक्यात्मक घटक, आर्थी घटक

(C) सामाजिक घटक, प्रशासनिक घटक, धार्मिक घटक

(D) ध्वनितात्त्विक घटक, रूपतात्त्विक घटक, वाक्यात्मक घटक

**76.** नेपाली साहित्यमा चलेको कुन आन्दोलन एकातिर पश्चिमी अस्तित्ववादी र शून्यवादी दर्शनबाट प्रभावित छ भने अर्कातिर प्रयोगवादी प्रगतिवादी चेतनाबाट पनि अनुप्रेरित छ?

(A) राल्फाली

(B) अस्वीकृत जमात

(C) अमलेख

(D) बुट पालिस

**77.** 'उनले अबला र आफ्ना अधीनस्थ वीर सिपाहीले ज्यान त्यागेको रक्तसिञ्चित् पुण्यभूमिमा लडेर वीरगतिसम्म लिन पाएनन्।'

यस गद्यांशमा उल्लिखित 'वीरगतिसम्म लिन' नपाउने वीर को हुन्?

(A) अमरसिंह

(B) भीमसेन थापा

(C) जयन्त खत्री

(D) बलभद्र कुँवर

**78.** *सूची*–I मा दिइएका समालोचना लेख र *सूची*–II मा राखिएका समालोचक चिह्नित गरी जोडा मिलाउनुहोस् :

| *सूची*–I | *सूची*–II |
|---|---|
| 1. गोपालप्रसाद रिमालमा इब्सेनिज्म | i. राजनारायण प्रधान |
| 2. अनुराधा : विश्लेषण पहिल्याएर | ii. नरा गुरुङ |
| 3. इलियटको काव्य सिद्धान्त | iii. इन्द्रबहादुर राई |
| 4. युङ्को मनोविज्ञान : एक अधीति | iv. कुमार प्रधान |

तलका विकल्पबाट सही उत्तर छान्नुहोस् :

(A) 1– iv, 2 – ii, 3 – i, 4 – iii

(B) 1– i, 2 – iv, 3 – iii, 4 – ii

(C) 1– ii, 2 – iii, 3 – iv, 4 – i

(D) 1– iii, 2 – i, 3 – ii, 4 – iv

**79.** *कथन*-I : घटनाहरू निश्चित कारणहरूका अत्याज्य परिणाम हुन्।

*कथन*-II : साहित्य लेखनको तिथिमिति तथा कृति र कृतिकारको वृत्तान्त विवरणले साहित्येतिहासलाई पूर्णता दिँदछ।

उपयुक्त विकल्प चिन्नुहोस् —

(A) *कथन*-I र *कथन*-II दुवै सही हुन् अनि *कथन*-II ले *कथन*-I को सही व्याख्या गर्दछ।

(B) *कथन*-I र *कथन*-II दुवै सही हुन् तर *कथन*-II ले *कथन*-I को सही व्याख्या गर्दैन।

(C) *कथन*-I सही छ, *कथन*-II भुल छ।

(D) *कथन*-I भुल छ, *कथन*-II सही छ।

**80.** 'व्यतिहारिता' भाषाको एउटा प्राकृतिक विशेषता हो भन्नाको तात्पर्य के हो?

(A) भाषिक ध्वनि क्षणभङ्गुर हुन्छ।

(B) भाषाका वक्ता र श्रोतामाझ भूमिका साटासाट गर्ने त्वरित क्षमता हुन्छ।

(C) अर्थबिना भाषा अस्तित्वहीन हुन्छ।

(D) भाषामा माध्यम परिवर्तनको क्षमता हुन्छ।

**81.** ग्रन्थका रचनाकार स्वयंले नै स्वीकार गरे अनुसार 'हितोपदेश' रचनाको मूल आधार कुन हो?

(A) अग्निपुराण

(B) इसपका कथाहरू

(C) हितोपदेश मित्रलाभ

(D) पञ्चतन्त्र

**82.** छायाङ्कन सिद्धान्तको प्रस्ताव तथा आविष्कारको उपादेयताबारे पहिलोपल्ट चर्चा गर्ने व्यक्ति को हुन्?

(A) पिटर मार्क रोजेट

(B) गिइयोभान्नी बतिस्ता डेल्ला पोर्ता

(C) विलियम होर्नर

(D) जोजफ निप्से

**83.** *सूची*–I मा दिइएका कविका कविता *सूची*–II बाट चिह्नित गरी जोडा मिलाउनुहोस् :

| *सूची*–I | *सूची*–II |
|---|---|
| 1. भूपि शेरचन | i. नवयुवक |
| 2. लेखनाथ पौड्याल | ii. सिपाही |
| 3. केदारमान व्यथित | iii मैनबत्तीको शिखा |
| 4. माधवप्रसाद घिमिरे | iv. हिमाल |

तलका मध्ये सही विकल्प छान्नुहोस् :

(A) 1– ii, 2 – i, 3 – iv, 4 – iii

(B) 1 – i, 2 – iii, 3 – ii, 4 – iv

(C) 1– iv, 2 – ii, 3 – i, 4 – iii

(D) 1– iii, 2 – iv, 3 – ii, 4 – i

**84.** लेव तल्स्तोयको 'वार एन्ड पिस' कुन पृष्ठभूमिमा आधारित छ?

(A) जारको सामन्ती व्यवस्था विरुद्ध चलेको क्रान्ति

(B) रसियामाथि भएको फ्रान्सेली आक्रमणको ऐतिहासिक पृष्ठभूमि

(C) इ सं १८१२ पछि रसियामा आएको राष्ट्रवादको उर्लँदो बाढी अनि स्पेरान्स्कीको पतन

(D) आर्थिक सङ्कटका कारण रसियामा भएको गृह युद्ध

**85.** विश्वसाहित्यमा 'प्रति साहित्य' शब्द र अवधारणालाई प्रश्रय दिने सिद्धान्त वा वाद कुन हो?

(A) दादावाद

(B) प्रतीकवाद

(C) अतियथार्थवाद

(D) नव आलोचनावाद

**86.** भिरैको बारुला, नछोऊ मलाई छोइपासो पारुला
दाइ डाँडे लाँकुरी, घुम्दै जाल बुन्दै नरोऊ माकुरी।
फुल खसे लाउली, माया बसे उम्केर काँ जाउली
दाइ डाँडै लाँकुरी, घुम्दै जाल बुन्दै नरोऊ माकुरी।

— दोहोरीका रूपमा गाइने, गण्डकी क्षेत्रतिर निकै प्रचलित उपर्युक्त गीत कुन प्रकारका भाकाको दृष्टान्त हो?

(A) बारुले भाका
(B) लाँकुरी भाका
(C) माकुरी भाका
(D) सालैजो भाका

**87.** 'जलाउँदा–जलाउँदा चुहुने भएको धिब्री
नानीको खिलौना थोत्रो बुढेसकाल।'

— यस कवितांशमा कुन अलङ्कार पाइन्छ?

(A) दीपक
(B) भ्रान्ति
(C) व्यतिरेक
(D) रूपक

**88.** 'म जुलूस घि/स्रि/र/हे/को/छु'– वैरागी काइँलाको 'गङ्गा नीलो बग्छु' कविताबाट उद्धृत यी पङ्क्तिको क्रियापदमा राखिएका तिर्यक् रेखाहरूले कस्तो भाव व्यक्त गर्दछन्?

(A) नैराश्य
(B) एकाकीपन
(C) नकारात्मकता
(D) असचेतता

**89.** ''दु:ख में सुमिरन सब करे
सुख में करै न कोय
जो सुख में सुमिरन करे
दु:ख काहे को होय।''

— सन्त कवि कबीरदासको यस दोहामा प्रयुक्त 'सुमिरन' शब्दले कुन अर्थ व्यक्त गर्दछ?

(A) स्मरण
(B) प्रवचन
(C) भजन
(D) कीर्तन

**90.** प्रार्थना गर्दा देउताको शक्ति र पराक्रमको वर्णन गर्दै ब्रह्ममुहूर्तमा वा बिहानै गाइने नेपाली लोक गीत कुन हो?

(A) धमारी
(B) पडेली
(C) सगुन
(D) भोलाउलो

**91.** इ सं १९५० मा नेपाली भाषाको पहिलो चलचित्र 'हरिश्चन्द्र' कहाँबाट बनिएको हो?

(A) दार्जिलिङ
(B) कलकत्ता
(C) बम्बई
(D) काठमाडौँ

**92.** कवि रबीन्द्रनाथ ठाकुरले कुन कृतिका लागि नोबेल पुरस्कार पाए?

(A) गीतिमाल्य
(B) गीतालि
(C) गीताञ्जलि
(D) बलाका

**93.** नेपालीमा प्रचलित वाग्धाराका सन्दर्भमा तलको कुन कथन सही छ?

(A) यसमा आएका कृदन्त तथा तिङन्त पद हेरफेर गर्न सकिन्न।
(B) अर्थ विचार गरी यसमा आएका नाम पद हेरफेर गर्न सकिन्छ।
(C) अर्थको तीव्रताका दृष्टिले यसमा आएका नाम पद हेरफेर गर्न सकिन्न।
(D) यसमा आउने तिङन्त रूप प्रेरणार्थक कहिल्यै हुँदैन।

**94.** पिटर मार्क रोजेटको दृश्यनिरन्तरताको सिद्धान्त कुन प्रक्रियामा आधारित थियो?

(A) मूक चित्र प्रस्तुति
(B) चित्रशृङ्खलाको क्रमिक गतिशीलता
(C) समानान्तर सम्पादन
(D) प्रकाश प्रवाह र संयोजन

**95.** वाल्ट ह्विट्मनको कविता ‘ओ क्याप्टन ! माई क्याप्टन !’ – मा ‘क्याप्टन’ भनेर कसलाई सम्बोधन गरिएको छ?

(A) अमेरिकेली राष्ट्रपति अब्राह्म लिङ्कन

(B) युद्ध जितेर फर्किएको अमेरिकेली जहाजको कप्तान

(C) कविको प्रसिद्धि गाउने अङ्ग्रेजी कवि टेनिसन

(D) उनलाई नोकरी पाउन सहयोग गर्ने विलियम डी ओ’कनर

**96.** शोध कार्यमा निगमनात्मक तथा आगमनात्मक प्रकारका अध्ययन के हुन्?

(A) सैद्धान्तिक विश्लेषण र व्याख्या

(B) तथ्यको मूल्याङ्कन र निष्कर्ष प्रतिपादनका विधि

(C) शोध समस्या निर्धारणका मानदण्ड

(D) विश्लेषण र मूल्याङ्कनका तर्क पद्धति

**97.** तलका मध्ये कुन चाहिँ चलचित्र प्रताप सुब्बाको निर्देशनमा बनिएको हो?

(A) आमा

(B) माइतीघर

(C) साइनो

(D) बाँच्न चाहनेहरू

**98.** निस्सिम एजेकिएलका कविता कृति चिन्नु होस् —

(A) डु नट कल इट सुसाइड, द स्ट्राइडर्स, रिलेसन्स

(B) अव् गड्ज एन्ड ओलिव्स्, टु नाइट दिस सेवेज राइट, लोन्सङ स्ट्रिट

(C) अगेन, इन सिक्रेट एनार्की, कब्वेब्स इन द सन

(D) अ टाइम टु चेन्ज, सिक्स्टी पोयम्स्, आइल्यान्ड

**99.** शोधकार्यमा तुलनात्मक प्रकृतिको अध्ययनमा तलका कुन कुन कुरा सान्दर्भिक छन्?

1. ज्ञातलाई आधार मानी अज्ञानतासँग तुलना
2. अज्ञातलाई आधार मानी ज्ञातसँग तुलना
3. समानताभन्दा विषमतातिर झुकाउ
4. विषमताभन्दा समानतातिर झुकाउ

विकल्पबाट सही उत्तर चिन्नुहोस् —

(A) 2 र 3

(B) 2 र 4

(C) 1 र 3

(D) 1 र 4

**100.** तलका मध्ये कुन नेपाली चलचित्र ‘कट्टेल सरको चोटपटक’ उपन्यासमा आधारित छ?

(A) सिन्दुर

(B) कुमारी

(C) कहीँ अँध्यारो, कहीँ उज्यालो

(D) वासुदेव

**Space for Rough Work**